# कुम्मायक गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः** १०    **संख्याः**१    **मितिः**२०८३/०२/२९

**भाग- २**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/२९

**नेपालको संविधान बमोजिम कुम्मायक गाँउपालिकाको कार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ।**

**संवत २०८३ सालको कार्यविधि नं १**

# कुम्मायक गाउँपालिकामा लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधी -२०८३

कुम्मायक गाँउपालिका, पाँचथर

**प्रस्तावनाः** कुम्मायक गाउँपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पशुपलान व्यवसायलाई आर्थिक रुपमा विपन्न कृषकहरुलाई क्रमश व्यवसायिक, प्रतिस्पर्धी, आधुनिक र प्रविधिमैत्री बनाई कृषकहरुको आयआर्जन वृद्धिका लागी दुध उत्पादन वृद्धि गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को २(ण) ले दिएको अधिकार प्रयोग गरि कुम्मायक गाउँपालिकाले यो कार्यविधी बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम **"कुम्मायक गाउँपालिकामा लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधी २०८३ "** रहेको छ।

ख) यो कार्यविधि कुम्मायक गाउँपालिका भित्र लागु हुनेछ।

ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा कार्यविधि भन्नाले "**कुम्मायक गाउँपालिकामा लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधी २०८३"** बुझ्नुपर्दछ।

क) गाउँपालिका भन्नाले कुम्मायक गाउँपालिका र कार्यपालिका भन्नाले कुम्मायक गाउँपालिकाको गाँउ कार्यपालिकालाई बुझ्नुपर्दछ।

ख) कृषक वा कृषि उद्यमी, व्यवसायी वा कृषि तथा पशु फर्म भन्नाले गाउँपालिका क्षेत्रभित्र पशुपालन व्यवसायमा आवद्ध भइ आफ्नो वा लिजमा लिइएको जग्गामा पशुपन्छी, माछा पालन गरि पशुजन्य उत्पादन गर्ने तथा घाँसखेती गर्ने किसानलाई सम्झनुपर्दछ।

ग) वडा भन्नाले कुम्मायक गाउँपालिकाका सबै वडा कार्यालयलाई सम्झनुपर्दछ।

घ) शाखा भन्नाले कुम्मायक गाउँपालिका पशुपन्छी सेवा शाखा लाई सम्झनुपर्दछ।

### ३. उद्देश्यः

क) **कुम्मायक गाउँपालिकामा लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधी २०८३** कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन।

- आर्थिक रुपले विपन्न कृषकलाई गाई,भैसी पालनमा आबद्ध गराई आयआर्जन वृद्धि गराउने।
- कुम्मायक गाउँपालिकामा पशुपालन व्यवसायलाई आधुनिक र व्यवसायिक बनाउने।
- दुग्ध तथा दुग्धजन्य पदार्थ उत्पादन वृद्धि र पशुचौपायहरुको नश्ल सुधार गर्ने।

कुम्मायक गाउँपालिका, पाँचथर

- रोजगारीको अवसर सिर्जना गर्ने ।
- पशु पोषणमा सुधार ल्याउने ।
- पशु स्वास्थ्यमा सुधार ल्याउने ।
- पशुजन्य उत्पादनहरुको बजार प्रवन्ध, प्रवर्द्धन तथा व्यवस्थापन गर्ने ।
- पशुहरुको निर्जिवन बिमा गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

### ४. कार्यक्रमको लक्षित वर्ग छनौट :

क) **लैनो गाई तथा भैँसी अनुदानमा वितरण** कार्यक्रम दुग्ध उत्पादन गरिरहेका र साझेदारी रकम जुटाउन सक्ने कृषकहरु लक्षित गरि सञ्चालन गरिनेछ ।

ख) लक्षित वर्गलाई कार्यक्रममा समावेश गर्नका लागी देहायका वुँदाहरुलाई आधार मानि कुम्मायक गाउँपालिकाका वडा कार्यालयहरुबाट अनुसची १ बमोजिमको प्रस्ताव मागको सूचना प्रकाशन गरी लाभग्राही कृषक छनौट गरिनेछ ।

- ✓ आर्थिक विपन्नको कारणले गर्दा माउ गाई वा भैसी किनेर पाल्न नसक्ने कृषकहरु ।
- ✓ ५०% लागत साझेदारी गर्न सक्ने, साझेदारीका लागि चाहिने रकमको आर्थिक श्रोत प्रष्ट खुल्ने कृषकहरु ।
- ✓ दुग्ध उत्पादनबाट आयआर्जन बढाउन इच्छुक कृषकहरू ।

### ५. कार्यक्रम सञ्चालनका लागी लाभग्राही छनौटका आधारहरुः

क) **लैनो गाई तथा भैँसी अनुदानमा वितरण** कार्यक्रम सञ्चालन गर्न कुम्मायक गाउँपालिका वडा कार्यालयहरुबाट लाभग्राही छनौट तथा प्राथमिकिकरणका लागि देहायका बुँदाहरु ध्यान दिनुपर्नेछ ।

- ✓ भौगोलिक तथा वातावरणीय हिसाबले गाई, भैसीपालनका लागि राम्रो सम्भावना भएको ठाउँ हुनुपर्नेछ ।
- ✓ आर्थिक विपन्नताका कारणले माउ गाई वा भैसी किनेर पाल्न नसक्ने कृषक हुनुपर्नेछ ।
- ✓ घाँस खेतीको सम्भावना राम्रो भएको क्षेत्र हुनुपर्नेछ ।
- ✓ नियमित रुपमा दुग्ध डेरीमा दुध बेच्ने प्रतिवद्धता जनाएको कृषक हुनुपर्नेछ ।
- ✓ उन्नत पौष्टितत्वयुक्त घाँस लगाएको हुनुपर्नेछ ।
- ✓ कार्यक्रम प्रति कृषकहरुको राम्रो झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको हुनुपर्नेछ ।
- ✓ लागत साझेदारी गर्ने रकमको श्रोत सुनिश्चतता भएको हुनुपर्नेछ ।

कुम्मायक गाउँपालिका पाँचथर

✓ आगामी वर्ष गोठ सुधार गर्ने प्रतिवद्धता जनाएको हुनुपर्नेछ ।

**६. अनुदान रकमको सिमा र प्रतिशतः** लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग र क्षेत्रको पहिचान गरि ५०% अनुदान दिने छ। बाँकी साझेदारीको रकम कृषकले गाउँपालिकाको खातामा अग्रिम जम्मा गर्नु पर्ने छ।

**७. अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरुः**

क) गाउँपालिकाले प्रदान गर्ने अनुदान रकमबाट लाभग्राहीहरुले देहायका क्रियाकलापहरुमा खर्च गर्न सक्नेछन् ।

**१)पशु नश्ल सुधारको लागिः**

- उन्नत नश्लका माउ गाई तथा भैसी वितरण

**२)पशु बिमाका लागिः**

- पशु बिमा कृषक स्वयम् ले अनिवार्य गर्ने ।

**परिच्छेद ४**

**कार्यक्रम सञ्चालन प्रक्रियाः**

**८. कार्यक्रम सञ्चालन प्रक्रियाः**

क) वडा कार्यालयहरुबाट छनौट भई सिफारिस भएका लाभग्राही कृषकहरुलाई गाउँपालिकाको पशुपन्छी सेवा शाखाले सभाबाट स्वीकृत बजेट अनुसार लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

ख) साझेदार कृषकहरुले बैक खाता खोल्नुपर्नेछ ।

ग) लाभग्राही कृषकले दर्तावाल फार्म वा कृषकबाट लैनो गाई तथा भैँसी खरिद र ढुवानी आफैले गर्नुपर्नेछ । खरिद गरिएको लैनो गाई तथा भैँसी कुम्मायक गाँपालिकाका सम्बन्धित वडाका जनप्रतिनिधी कम्तिमा एक जना र पशुपन्छी सेवा शाखाको कर्मचारी एक जनाको अनिवार्य उपस्थिती ल्याउनु पर्नेछ ।

घ) वडा कार्यालयबाट छनौट भएका साझेदारहरुसँग द्धिपक्षिय सम्झौता गराई कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

ङ) साझेदारले चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित शाखा समक्ष पेश गर्नुपर्नेछ ।

**९. खरिद गरिने लैनो गाई तथा भैँसी मापदण्डः**

क) खोरेत खोप (F.M.D. vaccine)लगाएको खोप कार्ड अनिवार्य गाईको हकमा लम्पी खोप( L.S.D.vaccine) कार्ड पनि अनिवार्य संलग्न गर्नुपर्ने ।

ख) खरिद गरिएको लैनो गाई तथा भैँसी निरोगिता प्रमाणपत्र हुनुपर्नेछ ।

ग) गाईको हकमा जर्सी वा होलिस्टिन क्रसको कम्तिमा दैनिक १० लि. दुध दिने हुनुपर्नेछ ।

कुम्मायक गाँउपालिका, पाँचथर

घ) भैसीको हकमा मुर्राक्रस कम्तिमा दैनिक ६ लि. दुध दिने हुनुपर्नेछ।
ङ) जातिय शुद्धता देखिने शारिरिक गुण भएको हुनुपर्नेछ।
च) दर्तावाल फार्म वा स्थायी लेखा नं भएको कृषकबाट लैनो गाई तथा भैँसी खरिद गर्नुपर्नेछ।

**परिच्छेद ५**

**१०. अनुदान प्रवाहका शर्तहरुः**

क) सम्झौतामा उल्लेखित रकम भन्दा अधिकको रकम साझेदार स्वयंले व्यहोर्नु पर्नेछ।
ख) अनुदान प्राप्त गर्ने कृषकहरुले कम्तिमा पाँच वर्षसम्म गाईभैसिपालन व्यवसायलाई निरन्तरता दिनुपर्नेछ।
ग) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर र कार्वाही गरिनेछ।
घ) लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रममा संलग्न अनुदानग्राहि कृषकहरुले कार्यक्रमको अन्त्य सम्म कम्तिमा १ माउ गाई वा भैसी पालि दैनिक ५ लि.दुध बिक्रि वितरण गरेको हुनुपर्नेछ।
घ) आगामी वर्षमा गाई भैसीको गोठ सुधार गरेको तथा कुटि काटेर घाँस दिने प्रवृतिको विकास भएको हुनुपर्नेछ।
ङ) मौसम र हावापानी अनुसार हिउँदे, वर्षे, वहुवर्षे, डाले घाँस खेती गरेको हुनुपर्नेछ।
ज) कार्यक्रममा आवद्ध कृषकहरुले अनिवार्य रुपमा पशु बिमा गरेको हुनुपर्नेछ।

**परिच्छेद ६**
**विविध**

**११. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्वः**

क) कार्यक्रम कार्यान्वयनका लागी लाभग्राही कृषकको छनौट कुम्मायक गाउँपालिकाको वडा कार्यालयहरुबाट गरिनेछ। लाभग्राही कृषकसँग कार्यक्रम कार्यान्वयनको सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व अख्तियार प्राप्त सम्बन्धित शाखा र कुम्मायक गाउँ कार्यपालिकाको हुनेछ।
ख) सम्झौता मुताविकको कार्य निर्धारित समयभित्र उच्च गुणस्तर राखि सम्पन्न गर्ने दायित्व सम्बन्धित कृषकको हुनेछ।
ग) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित शाखामा उपलब्ध गराउनुपर्नेछ।

**१२. भुक्तानी प्रक्रियाः**
क) दफा ५ बमोजिम छनौट भई द्धिपक्षिय सम्झौता गरिएका अनुदानग्राहीहरुले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, पालना गर्नुपर्ने शर्तहरु, अनुदान रकम र भुक्तानी विधि उल्लेखित द्धिपक्षिय सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे पश्चात प्रचलित कानुन अनुसारका बिल, भरपाइ संलग्न गरि सम्बन्धित वडा कार्यालयबाट पशुपन्छी सेवा शाखालाई सिफारिस गरे पश्चात पशुपन्छी सेवा शाखाले कुम्मायक गाउँपालिकाको

कुम्मायक गाउँपालिका, पाँचथर

कार्यालयलाई भुक्तानीको लागि सिफारिस गरे बमोजिम एकै किस्तामा कार्यालयले सेवा प्रदायकको बैक खातामा सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेछ।

ख) कार्यक्रमको वडा कार्यालय र शाखाले स्थलगत निरिक्षण गरि तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान भुक्तानी गर्नु पर्नेछ।

ग)कार्यक्रमको प्रकृति अनुसार अनुदान बाहेकका कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम भुक्तानी गर्नुपर्नेछ।

घ) भुक्तानी गरिने रकमबाट नियमानुसार कर कट्टा गरि बाँकि रकम उपलब्ध गराइनेछ।

**१३. अनुगमन र मूल्याङ्कनः**

क) आवश्यकता अनुसार कुम्मायक गाउँपालिकाबाट भुक्तानी प्रयोजनका लागी कुम्मायक गाउँपालिकाको कार्यालय, वडा कार्यालय र सम्बन्धित शाखाको प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरिनेछ।

ख) पशु विकास कार्यक्रमको प्रगतिको अवस्था र कार्यविधि र सम्झौता बमोजिमका शर्तहरु पालना भए नभएको सम्बन्धमा सम्बन्धित शाखाले नियमित अनुगमन गर्नेछ।

ग) अनुगमन टोलीले व्यवसाय प्रवर्द्धन रकमको उपयोग सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदार कृषकको कर्तव्य हुनेछ।

**१४. कार्यक्रमको जानकारी दिनुपर्नेः**

अनुदानमा सञ्चालित लैनो गाई तथा भैंसी अनुदानमा वितरण कार्यक्रमको हकमा पशुपन्छी सेवा शाखाले कुम्मायक गाउँपालिकाका वडा कार्यालयहरुबाट छनौट भएका लाभग्राही कृषकको विवरण जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ।

**१५. बिमा गर्नुपर्नेः**

क) यस कार्यविधि अनुसार लैनो गाई तथा भैँसी अनुदानमा वितरण **कार्यक्रम अनुसार** वितरण गरिएका लैनो गाई तथा भैँसीको पाउने लाभग्राही कृषक आफैले अनिवार्य रुपमा पशु विमा गराउनुपर्नेछ।

**१६. खारेजी एवं संशोधनः**

यस कार्यविधिलाई गाँउकार्यापालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ।

**१७. कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा उल्लेख गरिएको भएता पनि नेपालको प्रचलित ऐन कानुनसँग बाझिएमा सोहि बमोजिम हुनेछ।

कुम्मायक गाउँपालिका, पाँचथर

**१८. बाधा अड्काउ फुकाउः**

यस कार्यविधिमा उल्लेख भएका कुरामा कुनै विवाद आएमा कुम्मायक गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ

## अनुसूची १

## सूचनाको ढाँचा

**लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना !**

प्रथम पटक प्रकाशित मितिः

कुम्मायक गाउँपालिका पाँचथरको आ.व. २०.........को वार्षिक स्वीकृत लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रम रहेको हुँदा यस पालिकाको......वडा नं. टोल ......... भित्रका इच्छुक कृषक समूहहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजात सहित कुम्मायक गाउँपालिका वडा नं. ...... को कार्यालय कार्यक्रममा सहभागि हुने आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**आवश्यक कागजातः**

1. नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी।
2. जग्गा धनी दर्ता प्रमाणपुर्जा वा भाडामा लिएको सम्झौताको प्रतिलिपी।
3. जग्गाको तिरो तिरेको रसिद।
4. अनुसूची २ बमोजिमको निवेदन,
5. डेरिमा नियमित रुपमा दुध बेच्ने प्रतिबद्धता जनाएको कागजात।
6. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।
7. आगामी आ.व. मा गोठ सुधार गर्ने प्रतिबद्धता जनाएको कागजात।

कुम्मायक गाउँपालिका, पाँचथर

**अनुसूची २**
**निवेदन ढाँचा**

मितिः....................

श्रीमान वडा अध्यक्ष ज्यू,
......... नं. वडा कार्यालय,
कुम्मायक गाउँपालिका
यासोक,पाँचथर ।

**विषयः लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रममा सहभागी पाउ भन्ने बारे ।**

कुम्मायक गाउँपालिका १ नं. वडा कार्यालयबाट मिति...............मा प्रकाशित सूचना मुताविक लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रममा सहभागी कार्यक्रममा सहभागी हुन यस गाउँपालिका वडा न.....टोल..... मा निवासी कृषक म .....................................ले कुम्मायक गाउँपालिकामा लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधी -२०८३ बमोजिममा रहेको यो आवेदन पेश गरेका छौ ।

नामः
ठेगाना
सम्पर्क नं.
दस्तखतः
मितिः

कुम्मायक गाँउपालिका पाँचथर

**अनुसूची ३**
**सम्झौता पत्र**

कुम्मायक गाउँपालिकाको आ .व............. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कुम्मायक गाउँपालिका वडा नं..... मा लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रम सञ्चालन गर्न " कुम्मायक गाउँपालिकामा लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधी -२०८३" वमोजिम मिति ............. गते कुम्मायक गाउँपालिका ....... वडा कार्यालयबाट प्रकाशित सुचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये कुम्मायक गाउँपालिकाको वडा नं. ...... मा लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रममा .............. वडा कार्यालयको मिति ........ गतेको निर्णयबाट **श्री ................को** प्रस्ताव छनौट भएको हुँदा कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय,यासोक,पाचँथर )यस पछि प्रथम पक्ष भनिने (र श्री .............)यस पछि दोस्रो पक्ष भनिने (का विच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मन्जुर भइ यो द्धिपक्षिय सम्झौता गरिदियौ |लियौ ।

इति सम्बत ........... साल ........ महिना ..........गते .........रोज शुभम् ।
**तपसिलः**

१. लैनो गाई तथा भैँसी अनुदानमा वितरण कार्यक्रम जिल्ला पाँचथर ,कुम्मायक गाउँपालिका .... नं .वडाको..... गाउँ टोलमा मिति...... गते सम्ममा सम्पन्न गरिने छ ।

२. लागत साझेदारीमा .....कार्यक्रम सञ्चालनको लागी दोस्रो पक्षले पेश गरेको कार्ययोजना मुताविक कुल लागतको निम्न बमोजिम प्रथम पक्ष र दोस्रो पक्षको लागत साझेदारीमा सम्पन्न गर्नुपर्नेछ ।

| क्र.स. | क्रियाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोस्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| १ | लैनो गाई तथा भैँसी ५०% अनुदानमा वितरण | | | |
| | जम्मा | | | |
| | **अक्षरेपीः ..........................................................................पैसा मात्र ।** | | | |

४. प्रथम पक्षले कुल रकमबाट नियम अनुसार कर कट्टी गरि सेवा प्रदायकको बैँक खातामा भुक्तानी दिइनेछ ।
५. कार्यक्रम कार्यन्वयनका लागि आवश्यक कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा खरिद,ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।
६. दोस्रो पक्षले व्यावसायिक र दर्तावाल फार्म वा कृषकबाट लैनो गाई तथा भैँसी खरिद र ढुवानी आफैले गर्नुपर्नेछ । खरिद गरिएको लैनो गाई तथा भैँसी कुम्मायक गाँपालिका वडा नं. ........ का जनप्रतिनिधी कम्तिमा एक जना र पशुपन्छी सेवा शाखाको कर्मचारी एक जनाको अनिवार्य उपस्थिती ल्याउनु पर्नेछ ।

कुम्मायक गाउँपालिका, पाँचथर

७. दोस्रो पक्षले दफा १० बमोजिमको मापदण्ड पुरा गरी लैनो गाई तथा भैँसी खरिद गरी सो दफा बमोजिमको आवश्यक कागजात संलग्न गर्नुपर्नेछ।

८. प्रथम पक्षले कुनै पनि समयमा सञ्चालित कार्यको अनुगमन निरीक्षण गरि सम्झौता मुताविक कार्य भए नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ।

९. दोस्रो पक्षले नियमित रुपमा चौमासिक रुपमा कार्यक्रमको प्रगति,उपलब्धी एवम् कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुमपा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम सञ्चालनको दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार मात्र हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा  कुम्मायक गाउँपालिकाको पशुपन्छी सेवा कार्यक्रम कार्यन्वयन कार्यविधी २०८० र प्रचलित कानुन बमोजिम हुनेछ।

१२. .प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकि सरह असुल उपर गर्न सक्नेछ।

**दोस्रो पक्षका तर्फबाट**

हस्ताक्षरः

नामः

ठेगानाः

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षरः

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

कार्यालयः कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय

कार्यालयको छापः

**रोहबर**

हस्ताक्षरः

नामः

ठेगाना:

हस्ताक्षरः

नामः

पदः शाखा प्रमुख

कार्यालयः  कुम्मायक गाउँपालिका पशुपन्छी सेवा शाखा

कार्यालयको छापः

**आज्ञाले,**

**जय नारायण खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**

कुम्मायक गाँउपालिका, पाँचथर